**नेपाल राष्ट्र बैंक,**

**सहायक द्वितीय पदको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा**

**मिति: २०६७/१०/०८**

**पत्र: द्वितीय**

**समय : ३ घण्टा** **पूर्णाङ्क : १००**

**विषय : सामान्य ज्ञान, रचना र गणित**

*परीक्षार्थीले उत्तर दिँदा खण्ड 'ख' को लागि नेपाली भाषा र खण्ड 'क' तथा 'ग' को लागि नेपाली वा अङ्ग्रेजी भाषाको माध्यमबाट दिनु पर्नेछ ।*

## खण्ड "क" सामान्य ज्ञान

२० अङ्क

**सबै प्रश्न समान अङ्कका छन् ।**

१. राष्ट्रिय गान नभएको देश र लिखित संविधान नभएको देशका नामहरु लेख्नुहोस् ।

२. चीन, हङकङ र कतारको मुद्रालाई के भनिन्छ ?

३. नेपाल राष्ट्र बैंकका गर्भनरले को सँग गर्भनर पदको शपथ ग्रहण लिन्छन र गर्भनर पदको कार्यकाल कति वर्षको हुन्छ ?

४. नेपालका कुन दुई जिल्लाहरुको क्षेत्रफल समान (१५४६ वर्ग कि.मी) छ ?

५. बैंक तथा वित्तिय संस्थाले भाखा नाघेको आधारमा कर्जा सापटलाई कुन चार शीर्षकहरुमा वर्गीकृत गर्नुपर्दछ ?

६. निम्न पुस्तकका लेखक को हुन् ?
   क. सत्य कलि संवाद ख. रघुवंश ग. अष्टध्यायी

७. SWIFT को पूरा रुप (Full Form) के हो ? यसको केन्द्रीय कार्यलय कहाँ छ ?

८. संयुक्त राष्ट्र संघ र एशीयाली विकास बैंकमा हाल कति सदस्य राष्ट्रहरु रहेको छन् ?

९. निर्माणको प्रक्रियामा रहेको चमेलिया र राहुघाट जलविद्युत् आयोजनाहरु कति कति मेगावाटका हुन् ? साथै, एक मेगावाटमा कति वाट (watt) हुन्छ ?

१०. नेपालको अन्तरिम संविधान २०६३ मा जम्मा कति भाग रहेको छ ? मौलिक हक सम्बन्धि व्यवस्था कुन भागमा छ ?

११. थापाथली सन्धी कुन कुन देशबीच कहिले भएको थियो ?

१२. नेपालको देहायका मुद्राहरु क कसले चलाएका हुन् ?
   क. तामाको पैसा ख. छालाको पैसा

१३. नेपालको सबै भन्दा लामो र सबैभन्दा ठूलो नदी कुन हुन् ?

१४. तल दिइएका नृत्यहरु कुन कुन समुदायसँग सम्बन्धीत छन् ? उल्लेख गर्नुहोस् ।
   क. कार्तिक नाच ख. भूमरि नाच ग. सारठी नाच

१५. सरकारले आ.व. २०६७/६८ को लागि कति रकमको बजेट प्रस्तुत गरेको छ ? र यसमध्ये पुजीँगत तर्फ कति छुट्याइएको छ, रु. अर्बमा उल्लेख गर्नुहोस् ।

१६. सन् २०१० मा नोबल शान्ति पुरस्कारबाट हालसम्म सम्मानित हुने नेपालीहरुको नाम उल्लेख गर्नुहोस् ।

१७. रोमन म्यागासेसे पुरस्कारबाट हालसम्म सम्मानित हुने नेपालीहरुको नाम उल्लेख गर्नुहोस् ।

१८. निम्न उपनाम भएए लेखकहरुको वास्तविक नाम के के हुन् ?
   क. पारिजात ख. बैरागी काईला

१९. "सिएनएन हिरो – २०१०" बाट सम्मानित हुने नेपाली व्यक्तित्वको नाम र आवद्ध हुनु भएका संस्थाको नाम उल्लेख गर्नुहोस्

२०. निम्न खेलाडिहरु कुन कुन खेलसँग सम्बन्धित छन् ?
   क. दिपक महर्जन ख. सारादेवी तामाङ्ग ग. विनोद दास

## खण्ड "ख" रचना

३०

**अ. तल दिइएका मध्ये कुनै एक विषयमा निबन्ध लेख्नुहोस् ।**

१. देशको आर्थिक विकासमा मानव समाधान विकासको महत्व

२. "पर्यटक वर्ष २०११ पर्यटक लागि ऐकबद्धता"

३. वैदेशिक रोजगार र गरिबी निवारण

CS CamScanner

आ. **तल दिइएका अनुच्छेद सारांश लेख्नुहोस् र एक उपयुक्त शीर्षक पनि दिनुहोस् ।**

नेपालको समुन्नतिको लागि कृषि क्षेत्रको अन्त्यमा महत्वपूर्ण स्थान रहेको भएतापनि सरकार र किसानको न्यून लगानीका कारण कृषि क्षेत्रको उत्पादनको वृद्धिदर उच्च हुन सकेको छैन । कृषि उत्पादन र उत्पादकत्वमा अपेक्षित वृद्धिदर उच्च हुन सकेको छैन । कृषि उत्पादन र उत्पादनकत्वमा अपेक्षित वृद्धि हुन नसक्नुका अतिरिक्त मनसुनको अनिश्चितता, जलवायु परिवर्तन, सिँचाइको अभाव, सीमान्त भूमिमा कृषिको लागि चाप, उपयुक्त प्रविधिको प्रयोगमा कमि, बजारमा किसानको कम पहुँच, समय समयमा देखापर्ने पशुपन्छि सम्बन्धी कृषि क्षेत्रमा विद्यामान रहेको छन् । यस क्षेत्रमा अन्य चुनौतिहरुमा कृषिको व्यवसायीकरणका लागि निजी क्षेत्रको लगानी आकर्षित गर्ने प्रर्याप्त प्रयास नहुनु, पहाडी क्षेत्रमा रासायनिक मलको निरन्तर र पर्याप्त आपूर्ति हुन नसक्नु, कृषिमा व्यवसायिकरणका लागि भौतिक पूर्वधार प्रर्याप्त नहुनु उन्नत नश्लका पशुपन्छीको अभाव, स्तरयुक्त प्रयोगशाला तथा प्रविधी विकास र विस्तार केन्द्रहरुको सञ्चालको अभाव, कृषि तथा पशुजन्य उद्योगको विकासको कमि आदि रहेका छन् । त्यसैले उल्लेखित चुनौतिहरुको सामना गर्दै यस क्षेत्रको दिगो विकास गरी राष्ट्रिय अर्थतन्त्रमा थप सहयोग पुऱ्याउनुपर्ने राष्ट्रिय दायित्व बनेको छ ।

## खण्ड "ग" गणित — ५० अङ्क

**सबै प्रश्न समाना अङ्कका छन् ।**

१. कुनै सावा १० वर्षमा डेढ गुणा (१५० प्रतिशत) ले वृद्धि हुन वार्षिक साधारण व्याजदर कति हुनुपर्दछ ? उक्त साँवा ८ वर्ष ४ महिनामा दोब्बर हुन ब्याज दर कति भए पुग्छ ?

२. दुई व्यक्तिहरुको मासिक आम्दानी ४:५ को अनुपातमा र उनीहरुको मासिक खर्च ७:९ को अनुपातमा छ । यदि प्रत्येकले मासिक रुपमा रु. ५००० बचाउँदछ भने उनीहरुको मासिक आम्दानी कति कति होला ?

३. एक व्यापारीले १०० दर्जन सुन्तला प्रति दर्जन रु. ३० मा खरिद गरेकोमा ५ दर्जन सून्तला विग्रीएकोले अब बाँकी सुन्तला प्रति दर्जन कतिमा बिक्री गरेमा १४ प्रतिशत नाफा प्राप्त गर्न सक्ला ? प्रति दर्जन रु. ३३ मा बिक्री गर्दा कति प्रतिशत नाफा/नोक्सान होला ?

४. रामले आफ्नो आम्दानीको ७५ प्रतिशत खर्च गर्दछ । उनको आम्दानी २० प्रतिशत र खर्च १० प्रतिशतले वृद्धि हुदाँ उनको बचत प्रतिशत कति होला ?

५. २५ लोग्ने मानिस, १५ स्वास्नी मानिस र १० केटाकेटीसँगै काम गर्दा प्रतिदिन औषत रु. २८० पाउँछन् । केटाकेटीको तलब भन्दा दुई गुना बढी लोग्नेमानिसले र स्वास्नी मानिसको तलबभन्दा दुईगुणा बढी लोग्ने मानिसले पाउँछन् भने प्रत्येकको प्रतिदिनको औसत तलब कति होला ?

६. सरल गर्नुहोस् ।

१२.३४५६ + ७८९.०१२ × १२.५० ÷ ७.५ × १२.४ ÷ २.५ + २.५४

७. ५० जनालाई दैनिक ८ घण्टा काम गरेर एउटा काम सक्न १२ दिन लाग्यो भने ६० जनालाई त्यो भन्दा ठूलो काम १६ दिनमा सक्न दैनिक कति घण्टा काम गर्नुपर्ला ?

८. १५ वटा मेच र २ वटा टेबलको मूल्य रु. ४००० पर्दछ । यदि ४ वटा टेबुलको मूल्य १० वटा मेचको बराबर छ भने १२ वटा मेच र ३ वटा टेबुलको मूल्य कति पर्ला ?

९. यदि कुनै रकमको ३/४ भाग रु. ७२० हुन्छ भने कुल रकमको दुई तिहाइ भाग घटाउँदा कति रकम बाँकी रहन्छ ?

१०. श्यामले १३० पूर्णाङ्कको अंग्रेजी विषयमा ७० प्रतिशत, १२५ पूर्णाङ्कको विज्ञान विषयमा ६० प्रतिशत र १५० पूर्णाङ्कको गणित विषयमा ८० प्रतिशत अंक प्राप्त गरेको छ भने उसले कुलमा कति प्रतिशत अंक प्राप्त गरेको रहेछ ?

CamScanner

नेपाल राष्ट्र बैंक,

सहायक द्वितीय पदको खुल्ला प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०६७/१०/०८

पत्र: द्वितीय

समय : ३ घण्टा | पूर्णाङ्क : १००

विषय : बैंकिङ्ग तथा लेखा

*कुनै आठ प्रश्नको उत्तर दिनुहोस् । सबै प्रश्न समान अङ्कका छन् । परीक्षार्थीले नेपाली वा अंग्रेजी भाषा मध्ये कुनै एक वा दुवै भाषामा उत्तर दिन सक्नेछन् ।*

१. केन्द्रिय बैंक भन्नाले के बुझ्नुहुन्छ ? नेपाल राष्ट्र बैंकले बैंकहरुको बैंक र सरकारको बैंकको रुपमा के कस्ता कार्यहरु सम्पादन गर्दछ ? विस्तृत चर्चा गर्नुहोस् ।

२. वाणिज्य बैंकले गर्ने कार्यहरु संक्षेपमा वर्णन गर्नुहोस् ।

३. मनिचेञ्जर व्यवसाय के हो ? यसको सञ्चालन प्रक्रिया बारे प्रकाश पार्नुहोस् ।

४. नाफा नोक्सान हिसाब किन तयार पारिन्छ ? नाफा नोक्सान हिसाबको ढाँचा तयार गरी पाँचवटा खर्च र आम्दानीका कारोवारहरु देखाउनुहोस् ।

५. बैंक हिसाब मिलान विवरण (Banking Reconciliation Statement) भनेको के हो ? निम्न विवरणहरुबाट विसिष्ट कम्पनीको ३१ डिसेम्बर २०१० को हिसाब मिलान विवरण तयार गरी बैंक पासबुक अनुसारको मौज्दात निकाल्नुहोस् ।

a. The Bank overdraft as per cash book 31st December 2010 is Rs. 6340.
b. Interest on overdraft for 6 month ending 31st December 2010 Rs. 160 is entered in passbook.
c. Bank charges of Rs. 30 for the above paid are debited in the passbook.
d. Cheque issued but not cashed prior to 31st December 2010 amounted to Rs. 1168.
e. Cheque paid into bank but not cleared before 31st December 2010 were for Rs. 2170.
f. Interest on investment collected by the bank and credited in the passbook Rs. 1200.

६. सन्तुलन परिक्षण (Trail Balance) कहिले तयार पारिन्छ ? सन्तुलन परीक्षणद्वारा गल्ति पत्ता लगाउन चालिने कदमहरुको बारेमा उल्लेख गर्नुहोस् ।

७. आन्तरिक नियन्त्रण (Internal Control) प्रणाली भन्नाले के बुझ्नुहुन्छ ? नगद था चेकको भुक्तानी गर्दा आन्तरिक नियन्त्रण प्रणाली विद्यमान रहेको यकिन गर्नको लागि के के प्रक्रिया अपनाउनु पर्दछ ? बुँदागत रुपमा उल्लेख गर्नुहोस् ।

८. वित्तिय अनुपात (Financial Ratio) भन्नाले के बुझ्नुहुन्छ ? कुनै दुईवटा वित्तिय अनुपातहरुको उदाहरण दिँदै सो वित्तिय अनुपातहरुको सीमाबारे प्रकाश पार्नुहोस् ।

९. तथ्याङ्क संकलनमा अपनाइने नमूना विधीहरु (sampline Methods) उल्लेख गर्दै ती मध्ये कुनै दुई विधीहरुको बारेमा उदाहरण सहित वर्णन गर्नुहोस् ।

१०. तल दिइएका विषयहरुमध्ये कुनै दुईको संक्षेपमा वर्णन गर्नुहोस् ।

क. बैंक नगदी किताब

ख. लघुवित्त विकास बैंक

ग. स्थिर सम्पत्ति

CamScanner